शेयर बजारमा २६ अंकको वृद्धि

सचेत भएर लगानी गर्न विज्ञको सुझाव

लेखनाथ पोखरेल
काठमाडौं, २५ कात्तिक

विगत केही दिनदेखि निरन्तर उकालो लागेको शेयर बजार मंगलबार झण्डै २६ अंकले बढेको छ । यो वृद्धि झण्डै चार वर्षयताकै उच्च वृद्धि हो । यअघि २०७४ वैशाखमा नेप्से परिसूचक १ हजार ६७५.७८ अंकमा पुगेको थियो । शेयर विज्ञहरूले अहिलेको वृद्धि अत्यधिक र अस्वाभाविक वृद्धि भएकोले सचेत भएर लगानी गर्नुपर्ने बताएका छन् । मंगलबार नेप्से परिसूचक २५.९८ अंकले बढेको छ भने ४ अर्बको शेयर कारोबार भएको छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)का अनुसार १.५७ प्रतिशतले बजार बढ्दा नेप्से १६७८.७९ अंकमा उक्लिएको हो । १९६ कम्पनीका ९६ लाख ५७ हजार ६ सय ७७ कित्ता शेयर ४ अर्ब ९ करोड ६१ लाख ९० हजार २ सय ५६ रुपैयाँमा कारोबार भएको छ । जलविद्युत् समूह ०.६८ अंक र म्युचुअल फण्ड ०.०२ अंकले घटेका छन् भने बाँकी सबै समूह बढेका छन् । जीवन बीमा समूह सबैभन्दा बढी ४७६.३६ अंक र निर्जीवन बिमा समूह १६०.४ अंकले बढेका छन् । साल्ट ट्रेडिङ कम्पनीका शेयरधनीले सबैभन्दा बढी १० प्रतिशत मुनाफा कमाएका छन् भने विशाल बजार कम्पनीका शेयरधनीले सबैभन्दा बढी ४.६१ प्रतिशतले नोक्सानी व्यहोरेका छन् । नेपाल पुनर्बिमा कम्पनीको २८ करोड ५३ लाख ३२ हजार १ सय ५१ रुपैयाँ बराबरको शेयर कारोबार भएको छ ।

नेपाल लाइफ इन्स्योरेन्सको पनि २३ करोड ५८ लाख ४४ हजार रुपैयाँ बढीको कारोबार भएको छ । २० करोडभन्दा माथि कारोबार हुनेमा हिमालयन डिस्टिलरी र नेपाल दूरसञ्चार कम्पनी रहेका छन् । साताको पहिलो दिन आइतबार १२.४९ अंकले शेयर बजार बढ्दा ३ अर्ब ५२ करोड ६७ लाख ७७ हजार २ सय ६१ र दोस्रो दिन सोमबार ४.२२ अंकले बजार बढ्दा ३ अर्ब ६९ करोड ९८ लाख ७९ हजार ७ सय २६ रुपैयाँ बराबरको शेयर कारोबार भएको थियो ।

शेयर विज्ञहरूले शेयर बजार अझै बढ्ने बताएका छन् । उनीहरूका लागि यो शेयर लगानीका लागि अनुकूल समय हो । नेपाल इन्भेष्टर्स फोरमका अध्यक्ष छोटेलाल रौनियारले शेयर बजार अझै बढ्ने बताउनुभयो । कोरोनाका कारण लगानीका अन्य क्षेत्रहरू जोखिमपूर्ण रहेको र अनलाइनबाट घरमै बसी-बसी शेयर भर्न सकिने भएकोले पनि शेयर बजार बढेको उहाँले हिमालय टाइम्सलाई बताउनुभयो । बैंकहरूले निक्षेपको ब्याजदर घटाएका कारण पनि लगानीकर्ताहरू शेयर बजारतिर लागेको उहाँको भनाइ छ । रौनियारका अनुसार जलविद्युत्को शेयरमा पनि धेरै आकर्षण छ । सरकारले जलविद्युत् आयोजनालाई उच्च प्राथमिकतामा राखेर विभिन्न सहुलियत दिएको, कोरोना महामारीबीच पनि जलविद्युत् आयोजनाको काम नरोकिएको, आयोजनाको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिने क्रम बढेको लगायतका कारण लगानीकर्ताहरू जलविद्युत्को शेयरप्रति आश्वस्त बनेको उहाँले बताउनुभयो । त्यस्तै, कोरोनाले प्रभावित नभएका क्षेत्रहरू बिमा, बैंक, लघुवित्त वित्तीय संस्थाको शेयरमा पनि आकर्षण रहेको उहाँको भनाइ छ । रौनियारका अनुसार शेयर बजारले चार वर्षको साइकल पार गरेको र अन्तिम वर्ष अनुकूल देखिएका कारण लगानीकर्ताको मनोबल पनि बढेको छ । शेयर लगानीका लागि अनुकूल समय भए पनि हौसिएर नभई छनोट गरेर बलियो कम्पनीमा मात्रै लगानी गर्नुपर्ने रौनियारको सुझाव छ । अर्का शेयर विज्ञ डमरु बल्लभ घिमिरे भने अहिलेको वृद्धिलाई अस्वाभाविक मान्नुहुन्छ ।

एकैदिन २५ अकंको वृद्धि स्वाभाविक नभएको उहाँको भनाइ छ । घिमिरेले हिमालय टाइम्सलाई भन्नुभयो '८-१० अंकको वृद्धि दिगो हुन्छ तर २५ अंकको वृद्धि भएको छ, यो अस्वाभाविक वृद्धि हो, यसमा बजार हौवाले पनि काम गरेको देखिन्छ ।' बुझेरभन्दा नबुझी शेयरमा लाग्नेहरूका कारण पनि शेयर बजार बढेको उहाँको भनाइ छ । कोरोनाबीच पनि बैंक तथा वित्तीय संस्थाहरूले राम्रो लाभांश वितरण गरेको देखेर पनि शेयर लगानी गर्नेहरू धेरै रहेको उहाँले बताउनुभयो

पोको एम २ र पोको सी ३

काठमाडौं/हिटा । स्मार्टफोन ब्राण्ड पोकोले नेपालमा दुई वटा नयाँ मोबाइल पोको एम २ र पोको सी ३ सार्वजनिक गरेको छ । ब्राण्डले नेपालमा यो दोस्रो पटक आफ्ना उत्पादन नेपालमा भित्र्याएको हो । यसअघि सन् २०१८ मा पोको एफ १ सार्वजनिक गरिएको थियो । शाओमी नेपालका कन्ट्री जनरल म्यानेजर सौरभ कोठारीले भन्नुभयो, पोकोले पहिले नै मी फ्यान र प्रयोगकर्ताबाट निकै राम्रो प्रतिक्रिया पाएको छ ।

Bijayanagr Rural Municipality
Office of the Rural Municipal Executive
Khuruhuriya, Kapilvastu
Lumbini Province, Nepal

Invitation for Online Bids

Date of publication: Kartik 25, 2077

The Bijayanagar Rural Municipality has received funds to cover eligible payment under the Contract for the contracts named below.

S. N.	IFB No./Works	Estimated Amount (Including VAT NRs)	Bid Security Amount (Nrs.)	Fee for Bid Document
1	07/BRM/2077-78 (Construction Of Ward No. 2 Office Building)	9189906.72	2,50,000	3,000
2	08/BRM/2077-78 (Construction Of Ward No.6 Office Building)	8842647.84	2,50,000	3,000
3	09/BRM/2077-78(Construction of Ward No.7 Office Building)	8649982.76	2,50,000	3,000

1. Eligible Bidder must bid Electronically through **https://bolpatra.gov.np/egp/**.
2. Bank Account No.
   Name of the Bank : Prabhu Bank, Bijayanagar Branch
   Account Name : AntarikRajaswaKhata/ DharautiKhata
   Account No. : 1410107150500111/1410107150500036
3. Last date and Time of Bid Submission: Mansir 25, 2077; 12:00 Hours
4. Bid Opening date and Time: Mansir 25, 2077; 14:00 Hours
5. Matters not covered in this notice shall be in accordance with prevailing rules and regulations of Nepal, PPA 2063 and PPR 2064
6. Any amendment in the tender notice or Bidding Document will be posted in the notice board at Bijayanagar Rural Municipality Office, Khuruhuriya, Kapilvastu and may visit in Office's Web site **www.bijaynagarmun.gov.np**.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

Chief Administrative Officer

तिहारमा पनि मादलको छैन व्यापार

रमेश विश्वकर्मा
गुल्मी, २५ कात्तिक

नेपालीहरूको दोस्रो ठूलो पर्व तिहार नजिकएको छ । तर, कोरोनाका कारण रौनकता भने देखिएको छैन । तिहारमा विशेष गरी युवा-युवतीहरू समूहमा जम्मा भई गाउने देउसी भैलो विशेष हुन्छ । यसका लागि स्थानीय क्लब, समूह तथा युवायुवतीहरू एक हप्ता अघिदेखि तयारीमा लाग्ने गर्छन् । देउसी र भैलोमा प्रयोग हुने सामग्रीमध्ये प्रमुख बाध्यवाधन हो, मादल । तीज र तिहारमा मादलको बिक्रीसमेत धेरै हुने गर्छ तर यस वर्ष कोरोनाका कारण मादलको खासै माग नरहेको व्यवसायीले गुनासो गरेका छन् ।

बाग्लुङको गल्कोट हटियाका डिलबहादुर नेपालीले विगत ८ वर्षदेखि गुल्मीको सदरमुकाम तम्घास साहुटोलमा मादल बिक्री गर्दै आउनुभएको छ । उहाँको तम्घासमा गल्कोटे मादल पसल छ तर विगतका वर्षमा चाडपर्वकै समयमा ४ लाखभन्दा धेरैको मादल बिक्री भएकोमा र यसवर्ष भने मादल बिक्री भएको छैन । नेपालीले भन्नुभयो 'गत वर्ष यही समयमा ७०-८० वटा मादल बिक्री गरिन्थ्यो, अहिले चारवटा मादल पनि बिक्री छैन ।' यस वर्ष कोरोनाका कारण मादलको व्यापार हुन नसकेको नेपालीको भनाइ छ । १३ वर्षको उमेरदेखि मादल बनाउँदै आउनुभएका नेपालीले ४० वर्ष भारतमा बिताउनुभयो तर आफूसँग भएको सीपलाई स्वदेशमै प्रयोग गर्ने उद्देश्यले मादल व्यवसाय सञ्चालन गर्नुभयो । त्यसो त नेपालीसँग ख्याली, देउसी, भैलो खेल्ने मादल, नेवारी मृदुङ्गा, पञ्चे बाजा, तबला बनाउने सीप छ । तर, पछिल्लो पुस्ताले यो पेसालाई अँगाल्न नसकेकोमा उहाँको चिन्ता छ । विदेशमा कठोर श्रम गर्न तयार हुने तर आफ्नै देशमा पसिना बगाउन लाज मान्ने प्रवृत्ति रहेको उहाँले गुनासो गर्नुभयो । आधुनिकताको प्रयोगसँगै मादल बनाउने पेसा पनि लोप हुँदै गएको छ ।

प्रधान समूहलाई ३० जिल्ला नगरको साथ

हिमालय टाइम्स
काठमाडौं, २५ कात्तिक

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्षका उम्मेदवार किशोर प्रधानलाई एकैदिन ३० भन्दा बढी जिल्ला नगर उद्योग वाणिज्य संघले मतदान गर्ने सामूहिक प्रतिबद्धता जनाएका छन् । जनकपुरमा आयोजित कार्यक्रममा प्रधान समूहलाई विभिन्न प्रदेशका जिल्ला नगरका अध्यक्षहरूले मतदान गरेर जिताउने निर्णय भएको किशोर प्रधान तथा समूहको निर्वाचन सचिवालयले दावी गरेको छ । सचिवालका अनुसार महासंघ प्रदेश २ का अध्यक्ष शिवशंकर शाहले ३० भन्दा बढी जिल्लाका अध्यक्षले प्रधान र समूहलाई जिताउन मतदान गर्ने सहमति जुटाई सोहीअनुसार निर्णय गरिएको जानकारी दिनुभयो । आफ्ना उम्मेदवारलाई परिचय गराउँदै जिल्लानगरका अध्यक्षहरूले प्रधानलाई महासंघका आगामी अध्यक्ष शेखर गोल्छाले समर्थन गरेका कारण पनि २ कार्यकाल कटिबद्ध भएर काम गर्ने वातावरण बनाउन प्रधानलाई जिताउने निर्णय भएको शाहले बताउनुभयो । नेतृत्वबाट सबल महासंघ चाहनेले प्रधान समूहलाई विजयी गराउनुपर्ने भन्दै ६ वर्षे कार्यकाल तयार गरी निर्धक्क भएर काम गर्ने वातावरण बनाउन पनि प्रधानलाई जिताउनुपर्ने जिल्लानगरका अध्यक्षको भनाइ छ । प्रदेश १ र २ को कुल मतमध्ये ९९ प्रतिशत मत प्रधान पक्षले पाउने प्रदेश नम्बर २ का अध्यक्ष शाहले बताउनुभयो । वरिष्ठ उपाध्यक्षका उम्मेदवार प्रधान तथा समूह समर्थक जिल्ला नगरका प्रतिनिधि तथा मतदाताको प्रतिबद्धता कार्यक्रमलाई जनकपुरधाम उद्योग वाणिज्य संघले आयोजना गरेको हो ।

खोटाङमा १० वटा टावर निर्माण

चिसाङ शेर्पा
खोटाङ, २५ कात्तिक

नेपाल टेलिकमले खोटाङमा १० वटा टावर निर्माण गरेको छ । फोन सेवाबाट वञ्चित दूर-दराजका सर्वसाधारणका लागि सेवा दिने उद्देश्यले विभिन्न स्थानमा टावर निर्माण गरेको हो । जिल्लाको विभिन्न स्थानमा १३ वटा टावर बनाउने टेलिकमको योजनाअनुसार हालसम्म १० वटा टावर निर्माणको काम सकिएको निर्माण कम्पनी एस्टर टेली सर्भिसेस नेपालका प्रोजेक्ट मेनेजर दुर्गेशकुमार झाले जानकारी दिनुभयो । झाका अनुसार बाम्राङ (मुडे),बराहपोखरी, खार्पा, बतासे, बुइपा, दिक्तेल १, दुवेकोलडाँडा, डाँडागाउँ, सावाकटहरे र चिसापानीमा टावरको काम सकिएको छ ।

खार्पा, बतासे, बुईपा, दिक्तेल-१मा टावर र अर्थिङ दुवै काम सकिएको छ । बाम्राङ (मुडे),बराहपोखरी, दुवेकोलडाँडा, डाँडागाउँ, सावाकटहरे, चिसापनीमा टावरको काम सकिए पनि अर्थिङ बाँकी छ । अर्थिङको पनि काम सुरु भइसकेको उहाँले जानकारी दिनुभयो । रुकुपाई देवीथानमा छठपछि काम सुरु गरिने जनाइएको छ । ऐंसेलुखर्कमा विवाद आएकाले साइड परिवर्तन गरिएको र दिक्तेल बजारमा टावर राख्न जग्गा नमिलेकोले काम सुरु भएको छैन । जिल्लामा डेढ वर्ष पहिलेदेखि टावरको काम सुरु गरिए पनि लकडाउनले प्रभावित भएको थियो । निर्माण कम्पनीले पुसको तेस्रो हप्तामा सम्पूर्ण टावरको काम सकेर टेलिकमलाई बुझाउनुपर्नेछ । निर्माण कम्पनीले टावर टेलिकमलाई हस्तान्तरण गरेपछि विद्युत् जडान गरेर चाँडै टावर सञ्चालन गरिने नेपाल दूरसञ्चार शाखा कार्यालय खोटाङका प्रमुख खगेन्द्र बलम्पाकीले जानकारी दिनुभयो ।

INVITATION FOR BIDS

Kamalamai Municpality
Office of the Municipal Executive
Sindhuli

Invitation for Bids for the [City Hall Building Construction]

Contract Identification No: KMU/SIN/Work/NCB/08/077/078
Date of publication: 11 November, 2020

1. The Kamalamai Municipality ***has allocated funds with received a loan*** from ***[TDF, Nepal]*** towards the cost of **[City Hall Building Construction]** and intends to apply part of the funds to cover eligible payments under the Contract ***for [Contract for City Hall Building Construction, Kamalamai Municipality-6, Sindhuli]***. Bidding is open to all eligible as per Section V of bidding document..
2. ***Kamalamai Municpality, Office of the Municipal Executive, Sindhuli*** invites electronic bids from eligible bidders for the construction of Multi stories R.C.C. Frame Structure City Hall Building Construction works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   Only eligible bidders with the following key qualifications should participate in this bidding:

   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NPR 10,98,80,000/-***
   - Minimum Work experience of similar size and nature: 2(two) contract of building construction work within the last 10 years of value ***NPR 11,72,10,000/-***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents visiting PPMO e-GP system www.bolpatra.gov.np/egp. For other information, if required, can contact Planning Section, Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli www.bolpatra.gov.np/egp.
5. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost NRS. 10,000.00 non-refundable of bidding document in the internal revenue account as specified below .

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : Rastriya Banijya Bank
   Name of Office : Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli
   Internal Revenue Account no. : 1060100301010003.
6. Pre-bid meeting shall be held at ***Planning Section, Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli*** at ***13.00 hours on 2020/11/20.***
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12.00 hours on 2020/12/11.*** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13.00 hours on 2020/12/11*** at the office of ***Planning Section, Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli***. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NPR 45,53,000/-** which shall be valid for 30 days beyond the validity period of the bid.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

(Chief Administrative Officer)